# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस विज्ञप्ति

२०७५ वैशाख ११

## सुरक्षा संवेदनशीलतामा गम्भीर बन ।

निर्वाचन आयोगका प्रमुख आयुक्त श्री अयोधीप्रसाद यादवको निजी निवासमा गत वैशाख ९ गते साँझ करीब ८ बजे तीन वटा शक्तिशाली बम विष्फोट गराई छिमेकीका घरहरू समेत क्षतिग्रस्त हुन गएकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । संवैधानिक निकाय एवं सो निकायका प्रमुख आयुक्तप्रति ऐक्यबद्धता जनाउन राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा तथा सचिव वेद भट्टराईले आज विहान घटनास्थल पुगी उक्त घटनाको अनुगमन गर्नु भएको छ । अनुगमनको क्रममा बम राखिएका ठाउँ, विष्फोटबाट क्षति भएका संरचनाहरू र छिमेकीका घरहरू समेतमा भएको क्षतिको अवलोकन गर्नु भई प्रमुख आयुक्तसँग छलफल गर्नु भएको छ ।

प्रमुख आयुक्त र उहाँका छिमेकीहरूको घर सम्पत्तिमा भएको क्षतिको अनुगमन गर्दा बम शक्तिशाली रहेको देखिन्छ । यसबाट प्रमुख आयुक्तको जीउ ज्यानमा नै हमला गर्न खोजिएको देखिन्छ । घटनाको गम्भीरतालाई सरकारी पक्षबाट संवेदनशीलतापूर्वक नलिइएकोमा राष्ट्रिय मानव अधिकार आयोग दुःख प्रकट गर्दछ । यस्ता अमानवीय र हिंस्रक घटनाहरूप्रति सरकार तथा सञ्चार माध्यमहरू अझ बढी गम्भीर हुनुपर्ने आयोगको निष्कर्ष छ ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात् सफलतापूर्वक सम्पन्न विभिन्न तहका निर्वाचनहरूले लोकतन्त्र र विधिको शासनमा मद्दत पुर्‍याउनेमा आयोग विश्वस्त छ । यी निर्वाचन सम्पन्न गर्ने निर्वाचन आयोग लगायत सबै संवेदनशील निकायसँग सम्बद्ध व्यक्तिहरुको सुरक्षा सम्बन्धमा गम्भीरतापूर्वक विचार गर्नुपर्ने यस घटनाले देखाएको छ । घटना घटिसकेपछि सुरक्षा व्यवस्था कडा गराउनु भन्दा घटना हुनबाट रोक्ने तर्फ सरकार सजग र गम्भीर हुनुपर्ने पक्षमा राष्ट्रिय मानव अधिकार आयोग दृढता प्रकट गर्दछ ।

घटनामा संलग्न दोषीहरूको हालसम्म पहिचान हुन नसकेको अनुगमनबाट पाइएकोले दोषीहरूको पहिचान गरी कानूनी दायरामा ल्याउन, घटनाका पीडितहरू प्रमुख आयुक्त लगायत सर्वसाधारणलाई उचित क्षतिपूर्ति तत्काल उपलब्ध गराउन, व्यक्तिको स्वतन्त्र र भयरहीत वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

आयोग यस घटनाको भर्त्सना गर्दै हिंसाबाट कसैको कुनै पनि उद्देश्य प्राप्त नहुनेतर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

८।११

वेद भट्टराई
सचिव